संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।१२। १२ को निर्णयबाट (मा. मन्त्रीस्तरिय) स्वीकृत

# पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना:** नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना तेस्रोको कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास गर्ने दीर्घकालीन सोच पुरा गर्न, मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको सुनिश्चितता गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (झ) को सि. नं. १२ बमोजिमको महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धी स्थानीय तहको अधिकार अनुसारको कार्यलाई सहजीकरण गर्दै पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्न वाञ्छनीय भएकोले मन्त्रालयबाट **"पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०"** तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अभियन्ता" भन्नाले स्थानीय, प्रदेश तथा राष्ट्रिय तहमा पोषण अभिवृद्धि तथा योजना तर्जुमा प्रकृयामा पोषणलाई प्राथमिकता दिने विषयमा बहस, पैरबी गर्ने स्वयंसेवी व्यक्तिलाई सम्झनु पर्दछ।

(२) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१५ बमोजिम गठन भएका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ।

(३) "जिल्ला स्तरीय अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० को उपदफा

(४) अनुसारको जिल्ला स्तरीय अनुगमन समितिलाई सम्झनु पर्छ।

(५) "जिल्ला समन्वय समिति" भन्नाले नेपालको संविधानको धारा २२० बमोजिम स्थापना भएको जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(६) "प्रदेशस्तरीय अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० को उपदफा (४) अनुसारको प्रदेशस्तरीय अनुगमन समितिलाई सम्झनु पर्छ।

सह-सचिव

(७) "प्रदेश सम्पर्क मन्त्रालय" भन्नाले प्रदेशको कार्य विभाजन नियमावली अनुसार स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने प्रदेश मन्त्रालयलाई सम्झनु पर्छ।

(८) "प्रदेश क्षेत्रगत मन्त्रालय" भन्नाले प्रदेशको कार्य विभाजन नियमावली अनुसार कृषि, पशुपन्क्षी, खानेपानी, स्वास्थ्य, सरसफाइ, महिला, बालबालिका, शिक्षा क्षेत्र हेर्ने गरी कार्यक्षेत्र तोकिएको प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(९) "पोषणमैत्री वडा" भन्नाले यस रणनीति बमोजिम तोकिएका सूचक हासिल गरी पोषण मैत्री वडा भनी घोषणा गरिएका स्थानीय तहका वडालाई सम्झनु पर्छ।

(१०) "पोषणमैत्री स्थानीय तह" भन्नाले यस रणनीति बमोजिम तोकिएका सूचक हासिल गरी पोषण मैत्री स्थानीय तह भनी घोषणा गरिएको स्थानीय तहलाई सम्झनु पर्छ।

(११) "पोषणमैत्री स्थानीय शासन" भन्नाले पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार गरी उक्त सेवाहरूमा समतामूलक पहुँच र उपभोगको सुनिश्चितताको लागि स्थानीय सरकारको शासकीय अभ्यासमा आबद्ध गर्ने बहुक्षेत्रीय अभ्यासलाई सम्झनु पर्छ।

(१२) "योजना" भन्नाले बहुक्षेत्रीय पोषण योजना तेस्रो (२०८०।०८१-२०८७।०८८) लाई सम्झनु पर्छ।

(१३) "विकास साझेदार" भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु र पोषणको क्षेत्रमा लगानी गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनु पर्छ।

(१४) "विषयक्षेत्रगत मन्त्रालय" भन्नाले नेपाल सरकार कार्य विभाजन नियमावली अनुसार कृषि, पशुपन्क्षी, खानेपानी, स्वास्थ्य, सरसफाइ, महिला, बालबालिका, शिक्षा क्षेत्र हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ।

(१५) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(१६) "सामुदायिक संघ संस्था" भन्नाले स्थानीय कानून बमोजिम स्थापना भएका सामुदायिक संघसंस्थालाई सम्झनु पर्छ।

(१७) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमका गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद २

## पोषणमैत्री स्थानीय शासनका विषयक्षेत्र र सूचकहरू

३. **विषयगत क्षेत्र** (१) पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका विषयगत क्षेत्र देहाय बमोजिम हुनेछन्:

क. स्वास्थ्य

ख. महिला तथा बालबालिका

ग. शिक्षा

घ. खानेपानी तथा सरसफाइ

ङ. कृषि

च. पशुपन्छी

छ. शासकीय प्रबन्ध

(२) स्थानीय तहले उपदफा (१) बमोजिमका क्षेत्रहरूमा देहाय बमोजिमका कार्य गर्नुपर्नेछ।

(क) सचेतना र पैरवी

(ख) मूलप्रवाहीकरण

(ग) संस्थागत विकास

(घ) बहुक्षेत्रीय प्रयासको अवलम्बन

(ङ) सूचना, शिक्षा र सञ्चार

(च) क्षमता विकास

(छ) सामाजिक परिचालन

(ज) लक्षित कार्यक्रम संचालन

(झ) सुशासन

(ञ) नतिजामुखी अनुगमन

(ट) निजी क्षेत्र तथा नागरिक समाजसंग सहकार्य

(ठ) मुल्याङ्कन र दीगोपनको सुनिश्चितता

(३) उपदफा (२) बमोजिमका कार्यक्षेत्र अन्तर्गतका क्रियाकलापहरू अनुसूची १ अनुसार हुनेछन् ।

४. **मुल्याङ्कनका सूचकहरू:** कार्यविधिको दफा ३ (१) अनुसारका विषयक्षेत्र अन्तर्गत अनुसूची २ बमोजिम मुल्याङ्कनका सूचकहरू रहनेछन्।

सह-सचिव

## परिच्छेद ३

## पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन

५. कार्यान्वयनका चरणहरू (१) स्थानीय तहले पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि देहायका चरण पुरा गर्नुपर्नेछ।

(क) तयारीको चरण

(ख) योजना तर्जुमाको चरण

(ग) कार्यान्वयनको चरण

(घ) अनुगमन, मूल्यांकन र प्रतिवेदनको चरण

(ङ) पोषणमैत्री स्थानीय तह घोषणाको चरण

(२) स्थानीय तहले दफा (१) बमोजिमका चरण पुरा गर्न देहाय बमोजिम कार्य गर्नुपर्नेछ।

(क) तयारी चरण

(१) पोषणमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर सभा सदस्य, गाउँ/नगर कार्यपालिकाका पदाधिकारी, पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने ।

(२) कार्यपालिकाबाट पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न निर्णय गर्ने।

(३) आफ्नो क्षेत्रभित्रका सरोकारवालाको सहभागितामा पोषणमैत्री बनाउने सामुहिक प्रतिवद्धता गर्ने,

(४) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक आचार संहिता तर्जुमा गर्ने।

(५) पोषणको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने।

(६) पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन गर्ने वडाहरु छनौट गर्ने ।

ख. योजना तर्जुमाको चरण

(१) पोषणमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको एकीकृत योजना तर्जुमा गर्ने।

(२) छनोट भएको क्षेत्रगत क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्ने।

(३) पोषणको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायबाट पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि प्रतिवद्धता प्राप्त गर्ने।

(४) विकास साझेदार, सामाजिक संघसंस्था तथा निजी क्षेत्रका कार्यक्रमहरुलाई समेत स्थानीय तहको कार्यक्रम र बजेटमा आबद्धता कायम गर्ने।

सह-सचिव

ग. कार्यान्वयनको चरणः

(१) क्षेत्रगत निकाय, साझेदार र अन्य सरोकारवालाहरुवीच समन्वय र सहकार्य गर्ने,

(२) स्वीकृत वार्षिक क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(३) पोषणमैत्री स्थानीय शासनको कार्यक्रम कार्यान्वयन गर्ने वडामा आवश्यकता अनुसार समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन,

(४) पोषणमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने।

ङ. अनुगमन, मूल्यांकन र प्रतिवेदनको चरणः

(१) सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन गर्ने,

(२) सूचक हासिल भए /नभएको मुल्याङ्कन गर्ने,

(३) पोषणमैत्री स्थानीय शासनका सूचकका आधारमा प्रतिवेदन (स्थितिपत्र) तयार गरी सार्वजनिकीकरण गर्ने,

(४) पोषणमैत्री स्थानीय शासनको घोषणको लागि दफा १० बमोजिमको समितिबाट अनुगमन गर्ने, गराउने।

च. पोषणमैत्री वडा /गाउँपालिका /नगरपालिका घोषणाको चरणः

(१) सूचक हासिलको प्रमाणिकरण गर्ने,

(२) अनुगमन सिफारिस समितिको सिफारिस प्राप्त गर्ने,

(३) कार्यपालिकाबाट निर्णय गर्ने,

(४) सभाबाट अनुमोदन गर्ने।

## परिच्छेद ४

## संस्थागत व्यवस्था

६. **गाउँ /नगरपालिका स्तरीय निर्देशक समिति** (१) पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| अध्यक्ष/प्रमुख, गाउँपालिका/नगरपालिका | अध्यक्ष |
| उपाध्यक्ष/उपप्रमुख, गाउँपालिका/नगरपालिका | सदस्य |
| वडाका वडाध्यक्ष (सबै) | सदस्य |
| गाउँपालिका/नगरपालिकाका महिला सदस्यमध्ये निर्देशक समितिले तोकेको एकजना | सदस्य |

| | |
|---|---|
| गाउँपालिका/नगरपालिका दलित महिला सदस्यमध्ये निर्देशक समिति तोकेको एकजना | सदस्य |
| गाउँ /नगरस्तरीय नेपाल उद्योग वाणिज्य सङ्घको प्रतिनिधि | सदस्य |
| गाउँपालिका/नगरपालिकास्तरीय गैरसरकारी संस्था महासङ्घ / सामुदायिक /सामाजिक संस्थाका प्रतिनिधि एक जना | सदस्य |
| गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिले सम्बन्धित विषयगत शाखा प्रमुखलाई बैठकमा आमन्त्रण गर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिका निर्णयको कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयगत शाखा प्रमुखको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको निर्देशक समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

क. संघीय र प्रदेश तहका नीतिहरूसँग अनुकूल हुनेगरी स्थानीय नीतिमा पोषणको विषय समावेश गर्ने,

ख. पोषणमैत्री स्थानीय शासनका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

ग. दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु समावेश गर्ने,

घ. पोषणमैत्री स्थानीय शासनका लागि वडा तथा गाउँबस्ती पहिचान गर्ने र सोही अनुसारका क्रियाकलापहरु सञ्चालन गर्ने,

ङ. पोषणमैत्री स्थानीय शासनका लागि तोकिएका सूचकहरुलाई स्थानीयकरण गर्ने,

च. पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयनमा समन्वय गर्ने र सम्बन्धित महाशाखा /शाखा /ईकाइलाई आवश्यक निर्देशन दिने,

छ. स्थानीय गैरसरकारी संस्थाहरुलाई पोषण मैत्री स्थानीय तहका लागि तयार गरिने एकीकृत योजनामा लगानी गर्न निर्देशन गर्ने,

ज. पोषणमैत्री स्थानीय शासनसम्बन्धी कार्यको अनुगमन, प्रगतिको समीक्षा र उपलब्धिको मूल्याङ्कन गर्ने,

झ. पोषणमैत्री वडा घोषणाको स्वीकृतिको लागि कार्यपालिकालाई सिफारिस गर्ने।

७. **वडास्तरीय सहजीकरण तथा कार्यान्वयन समिति** (१) पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न देहाय बमोजिमको सहजीकरण तथा कार्यान्वयन समिति रहनेछ।

| | |
|---|---|
| वडाध्यक्ष | अध्यक्ष |
| महिला वडासदस्य | सदस्य |
| दलित महिला वडासदस्य | सदस्य |
| वडा भित्रका विद्यालयमा भएका प्रधानाध्यापक/नर्स/महिला शिक्षकमध्ये बढीमा दुईजना | सदस्य |
| पोषण क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था/सामुदायिक सामाजिक संस्थाका प्रतिनिधि एक जना | सदस्य |
| स्थानीय तहको वडामा काम गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्ये एकजना | सदस्य |
| वडासचिव | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आधारभूत स्वास्थ्यसेवा केन्द्र, कृषि तथा पशुसेवा केन्द्र र वडास्तरमा भएका अन्य क्षेत्रगत एकाइका प्रमुखलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

क. पोषणमैत्री वडा बनाउन पोषणसम्बन्धी कार्यक्रमहरूको पहिचान गर्ने,

ख. वडा तथा स्थानीय तहको योजना प्रक्रियामा पोषणसंग सम्बन्धित क्रियाकलापहरु समावेश गर्न पैरवी गर्ने,

ग. पोषणमैत्री स्थानीय तहको सूचक प्राप्त गर्ने गरी क्रियाकलपाहरुको तयारी र कार्यान्वयन गर्ने,

घ. महिला र बालबालिका तथा किशोर /किशोरीको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,

ङ. पोषणमैत्री वडा घोषणाको लागि वडा समितिमा सिफारिस गर्ने,

च. स्थानीय तहमा पौषणमैत्री स्थानीय शासनका लागि गैरसरकारी संस्था तथा अन्य निकायबाट सञ्चालित पोषण कार्यक्रम अनुगमन गर्ने र प्रतिवेदन लिने।

८. **बहुक्षेत्रीय पोषण योजना तेस्रो अनुसारका निकाय एवम् समितिको भूमिका:** (१) पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि योजनाको दफा (६) बमोजिमका निकाय एवम् समितिले

योजनामा तोकिए बमोजिमका भूमिका र जिम्मेवारीका साथै पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनमा नीतिगत निर्देशन, समन्वय र सहजीरणका गर्नेछन् ।

## परिच्छेद ५

## पोषणमैत्री स्थानीय तह घोषणा

९. **सूचक हासिल र घोषणाः** (१) पोषणमैत्री स्थानीय तह घोषणाको लागि अनुसूची २ बमोजिमका सूचक हासिल भएको हुनुपर्नेछ।

(२) सूचक हासिल भएपछि पोषणमैत्री स्थानीय तह घोषणा दफा (११) र दफा (१२) बमोजिम गर्नुपर्नेछ।

१०. **अनुगमन तथा मूल्याङ्कनः** (१) पोषणमैत्री स्थानीय तह घोषणा गर्नु पूर्व अनुसूची २ बमोजिमका सूचक हासिल भए नभएको अनुगमन, मूल्याङ्कन गराउनु पर्नेछ।

(२) गाउँपालिका तथा नगरपालिकाको वडा पोषणमैत्री भएको घोषणाको लागि सिफारिस गर्न देहाय बमोजिमको जिल्लास्तरीय अनुगमन तथा सिफारिस समिति रहने छ।

| | |
|---|---|
| जिल्ला समन्वय समितिका प्रमुख | संयोजक |
| जिल्ला समन्वय समितिका उपप्रमुख | सदस्य |
| जिल्ला समन्वय समितिका सदस्य मध्येबाट संयोजकले तोकेका १ महिला सहित ३ जना सदस्य | सदस्य |
| अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ नेपाल, जिल्ला समिति | सदस्य |
| अध्यक्ष, नेपाल पत्रकार महासंघ ,जिल्ला समिति | सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

(३) जिल्ला स्तरीय अनुगमन तथा सिफारिस समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ।

क. सम्बन्धित गाउँ/नगरपालिकाबाट सूचक हासिल भएको जानकारी सहित अनुगमन तथा सिफारिसको लागि अनुरोध भई आएमा वडा अनुगमनको कार्यतालिका तय गर्ने,

ख. कार्यविधिमा तोकिएका सूचकहरू पुरा भए/नभएको सम्बन्धमा स्थलगत अनुगमन गर्ने,

ग. सूचक हासिल भएको अवस्थामा पोषणमैत्री वडा घोषणाको लागि सिफारिस सहितको अनुसूची ४ बमोजिमको प्रतिवेदन सम्बन्धित गाउँ /नगरपालिकालाई उपलब्ध गराउने,

घ. सूचक हासिल हुन बाँकी रहेको पाईएमा अनुगमनमा देखिएका विषयहरू समेत समेटी पृष्ठपोषण सहितको प्रतिवेदन सम्बन्धित गाउँ /नगरपालिकालाई उपलब्ध गराउने ।

(४) गाउँपालिका तथा नगरपालिकालाई पोषणमैत्री भएको घोषणको लागि सिफारिस गर्न देहाय बमोजिमको प्रदेशस्तरीय अनुगमन तथा सिफारिस समिति रहने छ।

| | |
|---|---|
| प्रदेश (नीति) तथा योजना आयोगका उपाध्यक्ष वा निजले तोकेको आयोगका सदस्य | संयोजक |
| अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| प्रदेश मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधि (स्वास्थ्य; कृषि तथा पशुपन्छी; खानेपानी; सरसफाइ; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; शिक्षा; उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र हेर्ने मन्त्रालय मध्येबाट संयोजकले तोके बमोजिमका ३ जना) | सदस्य |
| गाउँपालिका/नगरपालिकाका सम्बन्धित प्रदेशस्तरीय संङ्घ/महासंघका प्रतिनिधि (१ जना) | सदस्य |
| गाउँपालिका/नगरपालिकाका सम्बन्धित प्रदेशस्तरीय संङ्घ/महासंघका प्रतिनिधि (१ जना) | सदस्य |
| अध्यक्ष, नेपाल पत्रकार महासंघ, प्रदेशस्तरीय समिति | सदस्य |
| संयोजकले तोकेको प्रदेश (नीति) तथा योजना आयोगको अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

(५) प्रदेशस्तरीय अनुगमन तथा सिफारिस समितिको काम, कर्तव्य र जिम्मेवार देहाय बमोजिम हुनेछ ।

क. सम्बन्धित गाउँ/नगरपालिकाबाट सूचक हासिल भएको जानकारी सहित अनुगमन तथा सिफारिसको लागि अनुरोध भई आएमा गाउँ/नगरपालिका अनुगमनको कार्यतालिका तय गर्ने,

ख. कार्यविधिमा तोकिएका सूचकहरू पुरा भए/नभएको सम्बन्धमा स्थलगत अनुगमन गर्ने,

ग. सूचक हासिल भएको अवस्थामा पोषणमैत्री गाउँ/नगरपालिका घोषणाको लागि सिफारिस सहितको अनुसूची ४ बमोजिमको प्रतिवेदन सम्बन्धित गाउँ/नगरपालिकालाई उपलब्ध गराउने,

घ. सूचक हासिल हुन बाँकी रहेको पाईएमा अनुगमनमा देखिएका विषयहरू समेत समेटी पृष्ठपोषण सहितको प्रतिवेदन सम्बन्धित गाउँ/नगरपालिकालाई उपलब्ध गराउने ।

(६) प्रदेश तथा जिल्ला स्तरीय अनुगमन तथा सिफारिस समितिले अनुगमन कार्यमा आवश्यक प्राविधिक सहयोगको लागि प्रदेश तथा जिल्लास्तरमा क्रियाशील संघसंस्थाको समेत सहयोग लिन सक्नेछ।

(७) पोषणमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणा गरिएका गाउँपालिका तथा नगरपालिकाको मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय एवम् सम्बन्धित विकास साझेदार समेतले यस कार्यविधिको दफा १० बमोजिमका अनुगमन तथा सिफारिस समितिसँगको समन्वयमा अनुगमन गर्न सक्नेछन्।

(११) **पोषणमैत्री वडा घोषणा:** गाउँ /नगरपालिकाले देहाय बमोजिमको चरण पुरा गरी पोषणमैत्री वडा घोषणा गर्न सक्नेछन्।

क. वडा समितिबाट सूचक हासिल भएको प्रमाणिकरण सहित कार्यापालिकामा भएको अनुरोध,

ख. दफा १० बमोजिम जिल्ला स्तरीय अनुगमन सिफारिस समितिको सिफारिस,

ग. कार्यपालिकाको निर्णय।

(१२) **पोषणमैत्री गाउँ /नगरपालिका घोषणा:** (१) गाउँ /नगरपालिकाले देहाय बमोजिमको चरण पुरा गरी पोषणमैत्री गाउँ /नगरपालिका घोषणा गर्न सक्नेछन्।

क. कार्यपालिकाबाट सूचक हासिलको प्रमाणिकरण,

ख. दफा १० बमोजिम प्रदेशस्तरीय अनुगमन सिफारिस समितिको सिफारिस,

ग. कार्यपालिकाको निर्णय,

घ. सभाबाट अनुमोदन ।

सह-सचिव

(२) यस कार्यविधि बमोजिम सबै वडालाई पोषणमैत्री वडा घोषणा गरिसकेपछि मात्र पोषणमैत्री गाउँपालिका /नगरपालिका घोषणा गर्नुपर्नेछ।

(३) गाउँपालिका /नगरपालिकाको वडा पोषणमैत्री घोषणा भएको जानकारी जिल्ला समन्वय समिति र प्रदेश सरकारलाई दिनु पर्नेछ।

(४) गाउँपालिका /नगरपालिका पोषणमैत्री घोषणा भएको जानकारी जिल्ला समन्वय समिति, प्रदेश सरकार र मन्त्रालयलाई दिनु पर्नेछ।

## परिच्छेद ६
## विविध

(१३) **पोषणमैत्री स्थानीय शासन अवलम्बन** (१) देहायको अवस्था पुरा गरी स्थानीय तहले पोषणमैत्री स्थानीय शासनको अवलम्बन गर्नेछन् ।

क. कार्यविधिको अनुसूची ५ बमोजिमको पार्श्वचित्र तयार गरेको

ख. आफ्नो क्षेत्रभित्रका सरोकारवालाको सहभागितामा पोषणमैत्री बनाउने सामुहिक प्रतिवद्धता गरेको,

ग. गाउँ /नगरसभा वा कार्यपालिकाको बैठकबाट निश्चित समयावधि भित्र पोषणमैत्री स्थानीय तह घोषणा गर्ने निर्णय गरेको।

घ. पोषणसँग सम्बन्धित क्रियाकलाप संचालन गर्न बजेट विनियोजन गरेको।

(१४) **क्षमता विकासः** (१) पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्न देहाय बमोजिम क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

क. प्रशिक्षक प्रशिक्षण तालिम

ख. योजना तर्जुमा सम्बन्धी तालिम, प्रशिक्षण तथा कार्यशाला,

ग. स्थानीय स्तरमा क्रियाशील साझेदारहरू (आमा समूह, किशोरी समूह, बालक्लब र बालक्लब सञ्जाल, स्वास्थ्य स्वयंसेविका, विद्यालय व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति, शिक्षक आदि) लाई पोषणमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण ।

(१५) **मानव संसाधन व्यवस्थापनः** (१) गाउँ /नगर कार्यपालिकाको कार्यालयले पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको व्यवस्थापन, समन्वय र सम्पर्क गर्ने कार्यको लागि योजना अनुसारको गाउँ /नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको सचिवालयको जिम्मेवारी तोकिएको शाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

सह-सचिव

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित विषयगत क्षेत्रहरू सामाजिक विकास, कृषि तथा पशुपन्छी विकास, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका शाखा प्रमुख वा योजना शाखा प्रमुख मध्येबाट तोक्नुपर्नेछ।

(३) स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि मौजुदा विषयगत शाखाका कर्मचारी, पोषण सहजकर्ता लगायतका जनशक्तिको क्षमता विकास गरी कार्यसञ्चालन गर्नुपर्नेछ।

(४) आवश्यकताको आधारमा स्थानीय तहले विभिन्न निकाय, गैर सरकारी संस्था, बाह्य स्रोत व्यक्ति तथा साझेदार संस्थाको दक्षतालाई समेत उपयोग गर्न सक्नेछन् ।

(१६) **प्रतिवेदन तथा अभिलेखीकरणः** (१) गाउँ /नगरपालिका पोषणमैत्री शासनको क्षेत्रमा प्रत्येक वर्ष सम्पादन भएका कार्यहरूको अनुसूची ६ बमोजिम एकीकृत वार्षिक प्रतिवेदन तयार गरी अभिलेखीकरणका साथै सार्वजनीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यान्वयनको क्रममा देखिएका सफलताका विषयलाई उजागर गरी समावेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदन अन्य स्थानीय तहलाई समेत कार्यक्रम लागु गर्न अभिप्रेरित गर्न आदनप्रदान गर्न सकिनेछ।

(३)स्थानीय तहले पोषणमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलापको प्रगति जिल्ला समन्वय समिति, प्रदेश योजना आयोग र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(१७) **पुरस्कार र सम्मानको व्यवस्थाः** पोषणमैत्री स्थानीय तह घोषणा भएका नगरपालिका /गाउँपालिका र वडाहरूलाई देहाय बमोजिमको सम्मान र पुरस्कार प्रदान गर्न सकिनेछः

क. सम्बन्धित गाउँ /नगरपालिकाबाटः पोषणमैत्री घोषणा भएको वडालाई गाउँपालिका तथा नगरपालिकाका अध्यक्ष वा प्रमुखबाट हस्ताक्षर गरी कदर-पत्र,

ख. जिल्ला समन्वय समितिबाटः जिल्ला समन्वय समितिका प्रमुखको हस्ताक्षर सहितको कदर-पत्र।

ग. सम्बन्धित प्रदेश सरकारबाटः पोषणमैत्री नगरपालिका र गाउँपालिका घोषणाको हकमा प्रदेश सरकारका मुख्यमन्त्रीको हस्ताक्षर सहितको कदर-पत्र र थप अनुदान तथा नगद पुरस्कार दिन सक्ने।

घ. नेपाल सरकारबाटः पोषणमैत्री नगरपालिका र गाउँपालिका घोषणाको हकमा मन्त्रालयका विभागीय मन्त्रीबाट हस्ताक्षर गरिएको कदर-पत्र र स्थानीय तहबाट अनुरोध भएको विषयलाई प्रथामिकतामा राखी विशेष अनुदान दिन सक्ने।

सह-सचिव

(१८) **पोषणमैत्री स्थानीय शासनको दीगोपना:** (१) गाउँ/नगरपालिकाले पोषणमैत्री स्थानीय शासनको दीगोपनाका लागि घोषणा पश्चातको दीगोपनाको ला योजना बनाइ लागू गर्नु पर्नेछ।

(२) पोषणमैत्री स्थानीय शासनको दिगोपना र पोषण सेवाको सुनिश्चितताको लागि कार्यविधि बमोजिमका सूचकको अवस्थाको बारेमा प्रत्येक २ वर्षमा एक पटक पोषणमैत्री स्थानीय तह घोषणा भएका वडा, गाउँपालिका तथा नगरपालिकाको अनुगमन गराउन सकिनेछ।

(१९) **कार्यविधिको संशोधनः** यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

(२०) **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२१) **खारेजी र बचाउः** (१) पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ खारेज गरिएको छ।

(२) पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम भए गरेका काम काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

सह-सचिव

# अनुसूची १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासन कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरू

| कार्य | क्रियाकलाप |
|---|---|
| सचेतना र पैरवी | सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका सम्बन्धि अभिमुखीकरण गर्ने, |
| | स्थानीय तहको पोषण प्रोफाईल अनुसार पोषण नीति तर्जुमा गर्न पैरवी गर्ने, |
| | आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेस गर्न छलफल तथा पैरवी गर्ने, |
| | स्थानीय तहमा विभिन्न विधामा ख्याती प्राप्त व्यक्ति वा समुहलाई पोषण अभियन्ता मार्फत सचेतना र पैरवी गर्ने, |
| | स्थानीय खाद्य पदार्थमा पाईने पोषक तत्वहरुको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने, |
| | पोषणमैत्री आचरण र व्यवहार प्रवर्द्धन गर्न पैरवी गर्ने, |
| | बहुक्षेत्रीय पोषण योजनाले तोकेका लक्षित समूहको लागि कार्यक्रम तर्जुमा गर्न पैरवी गर्ने । |
| मूलप्रवाहीकरण | पोषणमैत्री स्थानीय तह घोषणाका लागि रणनीति अनुसारका क्रियाकलाप संचालन गर्न सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाबाट प्रतिवद्धता गर्ने, |
| | पोषण सम्बन्धित विषयलाई वडा तथा स्थानीय तहको नीति, योजना, कार्यक्रममा समाहित गर्ने, |
| | पोषणसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय तहको सहभागितामूलक योजना तर्जुमाको विधिबाट छनोट गर्ने, |
| | स्थानीय तहको क्षेत्रगत योजनामा पोषणसंग सम्बन्धित विषयलाई समावेस गर्ने |
| | क्षेत्रगत तालिमहरुमा पोषण विषय समावेश गर्ने, |
| | पूर्वाधार विकासको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा पोषण संवेदनशील विषयलाई जोड दिने, |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायू परिवर्तन, विपद्जोखिम न्यूनीकरण लगायतका अन्तरसम्बन्धित विषयहरुसंग सम्बन्धित नीति तथा योजना तर्जुमा गर्दा पोषणसंग सम्बन्धित क्रियाकलापहरु समावेश गर्ने। |
| संस्थागत विकास | बहुक्षेत्रीय पोषण योजनामा व्यवस्था भए अनुसारका अनुसारका समितिहरु क्रियाशील गराउने, |
| | गाउँपालिका/नगरपालिका र वडामा पोषणमैत्री स्थानीय शासनको प्रभावकारिताको लागि सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने व्यवस्था मिलाउने, |
| | पोषणमैत्री स्थानीय तह प्रवर्द्धनको लागि आवश्यकता अनुसार कार्यदल, कार्यटोली र समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने। |
| बहुक्षेत्रीय प्रयासको अवलम्बन | बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि, पशुविकास, खानेपानी तथा सरसफाई, महिला बालवालिका, शिक्षा, स्वास्थ्य तथा शासनकीय प्रवन्धलाई समन्वयनात्मक रुपमा परिचालन गर्ने, |
| | पोषण विशेष र पोषण संवेदनशील कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने |
| | विषयगत क्षेत्रबाट हुने नियमित क्रियाकलापहरुलाई बहुक्षेत्रीय पोषण योजना तेस्रोले तोकेका लक्षित समूहमा सञ्चालन गर्न प्राथमिकता दिने, |
| | गैरसरकारी क्षेत्रबाट संचालन हुने पोषणसँग सम्बन्धित क्रियाकलपाहरुलाई बहुक्षेत्रीय अवधारणा अनुसार संचालन गर्ने । |

सह-सचिव

| | |
|---|---|
| सूचना, शिक्षा र सञ्चार | पोषण प्रोफाईलको तयारी, अद्यावधिक र सार्वजनिकीकरण गर्ने, |
| | पोषण सम्बन्धी श्रव्य दृष्य सामग्री उत्पादन र प्रशारण, जानकारी पुस्तिका (ब्रोसियर), लिफलेट, पम्प्लेट जस्ता छापा सामग्री प्रकाशन र वितरण गर्ने, |
| | संचार माध्यमसँग नियमित अन्तरक्रिया, छलफल गर्ने, |
| | विद्यालय भित्र र विद्यालय बाहिर रहेका किशोर /किशोरीहरुको लागि जीवनउपयोगी सीप सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने। |
| क्षमता विकास | निर्देशक समितिका सदस्य, सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका रणनीतिमा आधारित भई क्षमता विकास गर्ने, |
| | विषयगत क्षेत्रका कर्मचारीहरुलाई पोषणमैत्री स्थानीय शासन प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम, गोष्ठि तथा अन्य क्षमता विकासका कार्य गर्ने, |
| | विद्यालय/स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवाको क्षमता विकासको लागि कार्यक्रम संचालन गर्ने, |
| | बहुक्षेत्रीय पोषण सम्बन्धी विषयमा वहस पैरवी तथा असल अभ्यासहरुको अनुशरण र आदानप्रदान गर्ने, |
| | स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने। |
| सामाजिक परिचालन | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरूलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरू घरपरिवार र समुदायस्तरसम्म सञ्चालन गर्ने, |
| | लैङ्गिक हिंसा, बालविवाह, छाउपडी, कमलरी, देउकी लगायत सामाजिक कुप्रथा एवं अन्धविश्वास, कुरीति, कुसंस्कार बिरुद्ध सामाजिक अभियान संचालन गर्ने, |
| | खुला दिशामुक्त पूर्ण सरसफाईयुक्त, पूर्ण खोप, पूर्ण साक्षर, घरभित्रको धुवाँमुक्त, बालमैत्री, वातावरणमैत्री जस्ता विभिन्न अभियानमूलक कार्यक्रम संचालन गर्ने, |
| | लक्षित समुहमा उद्यमशीलता प्रवर्द्धन गरी आयस्तर वृद्धि गर्ने, |
| | विद्यालय/स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवालाई पोषण प्रवर्द्धनमा परिचालन गर्ने, |
| | पोषणसँग सम्बन्धित विद्यमान सकरात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता, आदर्श व्यक्ति, समूह, संस्थाहरूलाई परिचालन गर्ने, |
| | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरूलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरू घरपरिवार र समुदायस्तरसम्म सञ्चालन गर्ने, |
| लक्षित कार्यक्रम संचालन | लक्षित समुहको पहिचान गरी उनीहरुको सहभागितामा, पोषण लक्षित तथा पोषण संवेदशील कार्यक्रम संचालन गर्ने। |
| | वहुक्षेत्रीय पोषण सम्वद्ध सवै सरोकारवाला, सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय गरी एकीकृत कार्यक्रम संचालन गर्ने, |
| निजी क्षेत्र तथा नागरिक | प्रतिस्पर्धी बजार मुल्यमा स्थानीय बजारमा खाद्य सामग्री नियमित उपलब्धता गराउने, |

सह-सचिव

| | |
|---|---|
| समाजसंग सहकार्य | व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत पोषणसंग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने, |
| | बजारमा उपलब्ध गराईने खाद्यान्नको गुणस्तर र स्वच्छता कायम गर्ने |
| | नागरिक समाजका प्रतिनिधिहरु समेतको सहभागितमा गरिने बजार अनुगमनमा सहयोग गर्ने। |
| सुशासन | पोषणमैत्री स्थानीय तह प्रवर्द्धनका लागि गरिएका क्रियाकलाप र सोको प्रगति कार्यालयको सूचना पाटी, वेवसाईट तथा आवश्यकता अनुसार आमसंचार माध्यमवाट नियमित रुपमा सार्वजनिकीकरण गर्ने, |
| | पोषणमैत्री स्थानीय तहका सूचक हासिलको लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाउने, |
| | स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता क्रियाकपालहरु सञ्चालन गरिनेछ। |
| नतिजामुखी अनुगमन | पोषणमैत्री स्थानीय शासनको लागि तोकिएको सूचकको आधारमा संचालित कार्यक्रमहरुको अनुगमन गर्ने, |
| | पोषण सम्बन्धी अनुगमनमा स्थानीय विकासका साझेदार तथा अन्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारी गर्ने, |
| | स्थानीय तहको आवधिक समीक्षामा पोषणको नतिजा समावेश गर्ने र विकास साझेदार निकायबाट सम्पादित कामको समेत प्रगति समीक्षा गर्ने, |
| | अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने व्यक्ति, अभियन्ता संस्था, विकास साझेदार, अन्य सहयोगी निकाय, वडा पुरस्कृत गर्ने। |
| मुल्याङ्कन र दीगोपनको सुनिश्चितता | पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचकहरु हासिलको दीगोपनाको लागि कार्ययोजना तर्जुमा गर्ने, |
| | प्रत्येक वर्षको वार्षिक समीक्षामा सूचकमा आधारित भई प्रगति विवरण सार्वजनिक गर्ने, |
| | पोषणमैत्री स्थानीय तहका सूचकका उपलब्धीको प्रत्येक २ वर्षमा तेस्रो पक्षवाट मुल्याङ्कन गर्न सकिने। |

सह-सचिव

# अनुसूची २

(दफा ४, दफा ९ र दफा १० सँग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासन मुल्याङ्कनका सूचकहरू

| सि.नं. | सूचक नं. | सूचक | अवस्था | पुष्ट्याइका आधार |
|---|---|---|---|---|
| | | **स्वास्थ्य** | | |
| १ | १.१ | पोषणमैत्री स्वास्थ्य संस्थाको प्रतिशत | १००% | पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९ बमोजिम सूचक पुरा भएको, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHMIS) एवं स्थानीय तहको प्रतिवेदन |
| | | **शिक्षा** | | |
| २ | २.१ | चार वर्ष उमेर पुगेका बालबालिका मध्ये प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका बालबालिकाको प्रतिशत | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| ३ | २.२ | प्रारम्भिक बालविकास केन्द्रमा भएका सहजकर्ताहरु मध्ये पोषण सम्बन्धी अभिमुखीकरण /तालिम प्राप्त गरेका सहजकर्ताहरुको प्रतिशत | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| ४ | २.३ | आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गर्ने बालबालिकाको प्रतिशत | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| ५ | २.४ | स्थानीय तहले बनाएको स्थानीय पाठ्यक्रममा पोषण तथा बाल अधिकार सम्बन्धी विषय समावेश | गरेको | शिक्षा शाखाको प्रतिवेदन |
| ६ | २.५ | विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्यबस्तुको प्रयोग गर्ने विद्यालयको प्रतिशत | ≥९०% | शिक्षा शाखाको प्रतिवेदन |
| ७ | २.६ | विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक विद्यार्थी लगायत सरोकारवालको सहभागितामा पोषण दिवस /सप्ताह मनाउने विद्यालयको प्रतिशत | ≥९०% | शिक्षा शाखाको प्रतिवेदन |
| | | **महिला तथा बालबालिका** | | |
| ८ | ३.१ | न्यायिक समिति, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएका लैङ्गिक हिंसाका घटना मध्ये फछ्यौट भएका घटनाको प्रतिशत | ≥८०% | प्रहरी र एकद्वार संकट व्यबस्थापन केन्द्रको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन |
| ९ | ३.२ | महिनाबारी हुँदा स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त स्थानमा राख्ने घरधुरीको प्रतिशत | ०% | स्थानीय तहको प्रतिवेदन |
| १० | ३.३ | २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने महिलाको संख्या | ० | स्वास्थ्य संस्थाको प्रतिवेदन, वडा समितिको प्रतिवेदन |
| ११ | ३.४ | सुनौला हजार दिनका घरपरिवारका सासु /बुहारी वा श्रीमान /श्रीमती बीच पोषण सम्बन्धी अनुशिक्षण भएका वडाको प्रतिशत | १००% | स्थानीय तहको बार्षिक प्रतिवेदन |

सह-सचिव

| सि.नं. | सूचक नं. | सूचक | अवस्था | पुष्ट्याइका आधार |
|---|---|---|---|---|
| १२ | ३.५ | वडामा गठन भएका युवा / बालसञ्जाल का सदस्यलाइ पोषण सम्बन्धी अभिमुखीकरण गरिएका वडाको प्रतिशत | ≥९०% | स्थानीय तहको प्रतिवेदन |
| | | **खानेपानी तथा सरसफाइ** | | |
| १३ | ४.१ | ४.१ आधारभुत खानेपानी सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| १४ | ४.२ | ४.२ आधारभुत सरसफाइ सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| १५ | ४३ | ४.३ शौचालय गएपछि, बालबालिकाको दिशा धोएपछि, खाना खानु अघि, बालबालिकाकालाई दुध खुवाउनु अघि, फोहोर चलाएपछि साबुनपानीले हातधुने परिपाटीको विकास भएको घरधुरीको प्रतिशत | १००% | स्थानीय तहको बार्षिक प्रतिवेदन |
| १६ | ४.४ | आधारभुत खानेपानी सेवा उपलबब्ध भएका संस्थाको प्रतिशत | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| १७ | ४.५ | आधारभुत सरसफाइ सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| | | **कृषि विकास** | | |
| १८ | ५.१ | करेसाबारी भएका घरधुरी मध्ये सागशब्जी, तरकारी तथा फलफूल उत्पादन गरेका घरपरिवारको प्रतिशत | ≥८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन र बजार अनुगमन प्रतिवेदन |
| १९ | ५.२ | अन्न, सागसब्जी, गेडागुडी, फलफुल लगायतका खानाको नियमित उपभोग गर्ने घरधुरीको प्रतिशत | ≥८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन |
| २० | ५.३ | स्थानीयस्तरमा पाईने रैथाने बाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन | भएको | कृषि विकास शाखाको प्रतिवेदन |
| २१ | ५.४ | खाद्य स्वच्छता र गुणस्तर परिक्षणको (Food hygiene and quality) बजार अनुगमन भएको पटक (बार्षिक) | ≥३ | अनुगमन प्रतिवेदन |
| | | **पशुपन्छी विकास** | | |
| २२ | ६.१ | व्यवस्थित पशुपंक्षी पालन गरी उपभोग गर्ने कृषक घरपरिवारको प्रतिशत | ≥८०% | पशुविकास शाखाको प्रतिवेदन |
| २३ | ६.२ | दुधजन्य पदार्थहरु (दूध, दही, घिउ, पनीर, चीज), अण्डा तथा मासुजन्य (माछा /मासु) नियमित उपभोग गर्ने घरपरिवारको प्रतिशत | ≥८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन, पशुविकास शाखाको प्रतिवेदन |
| २४ | ६.३ | पशुजन्य खाद्यबस्तु (प्रतिव्यक्ति बार्षिक दूघ ९१ लि., मासु १४ के.जी, अण्डा १५० वटा) उपलब्धता भएको परिवारको प्रतिशत | ≥९०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन, पशुविकास शाखाको प्रतिवेदन |
| | | **शासकीय प्रवन्ध** | | |
| २५ | ७.१ | गाउँ /नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको संख्या | ≥२ | बैठकको निर्णय पुस्तिका |

सह-सचिव

| सि.नं. | सूचक नं. | सूचक | अवस्था | पुष्ट्याइका आधार |
|---|---|---|---|---|
| २६ | ७.२ | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समितिको बैठकको संख्या | ≥२ | बैठकको निर्णय पुस्तिका |
| २७ | ७.३ | स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको | बार्षिक बजेट तथा कार्यक्रम |
| २८ | ७.४ | गाउँ /नगरपालिकाले अनुदान तथा आन्तरिक आयबाट पोषण कार्यक्रमका लागि बजेट विनियोजन | गरेको | बार्षिक बजेट तथा कार्यक्रम |
| २९ | ७.५ | पोषण सम्बन्धी कार्यक्रमको समन्वय र सहजीकरण गर्न बहुक्षेत्रीय पोषण योजनाले गरेको व्यवस्था बमोजिमको सचिवालयको क्रियाशीलता | रहेको | स्थानीय तहको प्रतिवेदन |
| ३० | ७.६ | स्थानीय तहको पोषण पाश्र्वचित्र तयार गरी नियमित अद्यावधिक | गरेको | अध्यावधिक प्राश्वचित्र |
| ३१ | ७.७ | स्थानीय तहमा पोषण कर्नरको स्थापना | भएको | पोषण कर्नर स्थापना भएको |
| ३२ | ७.८ | गाउँ /नगर कार्यापालिकामा छुट्टै स्तनपान कक्षको व्यवस्था | भएको | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन |
| ३३ | ७.९ | स्थानीय विपद् व्यबस्थापन योजनामा विपद पूर्व र विपद पश्चात गरिने पोषण केन्द्रित पूर्व तयारीको योजना समावेस | भएको | विपद् व्यबस्थापन योजना |
| ३४ | ७.१० | बाल पोषण भत्ता वितरणको समयमा बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धी सचेतना /अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | ≥९०% | अभिमुखिकरण प्रतिवेदन |

सह-सचिव

## अनुसूची ३

(स्वास्थ्य मन्त्रालयको पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९ को दफा ९.१ को व्यवस्था बमोजिम)

### पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरू

| सूचक नं. | सूचक | अवस्था | अंक |
|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रसुती जाँच गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुती जाँच गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ३ | गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्कि आइरन फोलिक एसिड चक्कि खाएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाहरुको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मेको १ घण्टाभित्र स्तनपान सुरुवात गर्ने शिशुको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ६ | ६ देखि ५९ महिनाका बालकालिकाले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ७ | १२ देखि ५९ महिनाका बालकालिकाहरुले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ८ | २४ महिनासम्मका बालकालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | >१८ | १ |
| | | १५-१८ | ०.५ |
| | | <१८ | ० |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको | <५ | १ |
| | | ५-१० | ०.५ |

सह-सचिव

| | | | |
|---|---|---|---|
| | प्रतिशत | >१० | ० |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | <५ | १ |
| | | ५-१० | ०.५ |
| | | >१० | ० |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ |
| | | नभएको | ० |
| १४ | पूर्ण मात्रामा (१८० स्याचेट) बालभिटा पाएका बालबालिकाको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिंक चक्की र पुर्नजलिय झोल खुवाउने गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| १६ | २६ हप्तासम्म आईरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |

## वर्गिकरण

| जम्मा प्राप्ताङ्क | अवस्था |
|---|---|
| १५ देखि १६ | पोषणमैत्री घोषणाका लागि योग्य |
| १३ देखि १४ | पोषणमैत्री उन्मुख स्वास्थ्य संस्था |
| १२ वा सोभन्दा कम | पोषणमैत्री उन्मुख नभएको |

## अनुसूची ४
## (दफा १० को उपदफा (३) र उपदफा (५) बमोजिम

# अनुगमन प्रतिवेदनको ढाँचा

अनुगमन गरिएको वडा नं. /स्थानीय तहको नाम:

अनुगमन गरिएको मिति:

सूचक हासिलको अवस्था:

| सि.नं. | सूचक | लक्ष्य | हासिलको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुगमन देखिएका अन्य विषयहरू (भए उल्लेख गर्ने):

पृष्ठपोषण तथा सुझाव

अनुसूची ५

(दफा १३ को उपदफा (१) (क) सँग सम्बन्धित

......... गाउँपालिका /नगरपालिकाको पोषण पार्श्वचित्र

अद्यावधिक मितिः

१. गाउँपालिका /नगरपालिकाको पोषण पार्श्वचित्र २०.....

२. स्थानीय तहको संक्षिप्त परिचय

क. परिचय (नामाकरण, स्थापना भएको वर्ष, स्थानीय तहको कूल क्षेत्रफल, आदि)

ख. वडा छुटिने गरीको नक्सा

ग. भौगोलिक अवस्थिति (अक्षांश, देशान्तर, सिमानामा रहेका स्थानीय तह आदि)

घ. वडाहरूको क्षेत्रफल र मुख्य मुख्य बस्तीको विवरण

| क्र.सं. | वडा नं. | क्षेत्रफल (व. कि. मी.) | मुख्य बस्तीहरू |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

३ जनसाङ्ख्यिक विवरण) वडा अनुसार, उमेर अनुसार जनसाङ्ख्यिक विवरण(

३.१ कूल जनसंख्या, ५ वर्ष मुनिका बालबालिका र प्रजनन उमेरका महिलाको संख्या (राष्ट्रिय जनगणना, २०७८ बमोजिम)

| क्र.सं. | वडा नं. /नाम | ५ वर्ष मुनिका बालबालिका | | १५ देखि ४९ वर्षका महिला | जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | | पुरुष | महिला | जम्मा |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

## ३.२ वडा अनुसार उमेरगत जनसाङख्यिक विवरण (एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली बमोजिम)

| वडा | जिवितै जन्मने शिशुको अनुमानित संख्या | १ वर्ष मुनिका बालबालिकाको संख्या | १२ देखि २३ महिनाका बालबालिकाको संख्या | ० देखि २३ महिनाका बालबालिकाको संख्या | ६ देखि २३ महिनाका बालबालिकाको संख्या | ५ वर्ष मुनिका बालबालिकाको संख्या | ६ देखि ५९ महिनाका बालबालिकाको संख्या | १२ देखि ५९ महिनाका बालबालिकाको संख्या | १० देखि १९ वर्षका किशोरकिशोरीको | १५ देखि ४९ वर्षका महिलाको संख्या | १५ देखि ४९ वर्षका विवाहित महिलाको संख्या | अनुमानित गर्भवति महिलाको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नोटः वडागत रूपमा विवरण नभएका गाउँ /नगरपालिकाको एकमुष्ट विवरण राख्ने ।

## ३.३ जातिगत आधारमा जनसाङख्यिक विवरण (राष्ट्रिय जनगणना, २०७८ बमोजिम)

| वडा | जाति (वडामा भएका सबै जातजातिको विवरण समावेश गर्ने | जम्मा घरधुरी | जम्मा जनसंख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| २ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ३ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

## ४ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको विवरण

| क्र.सं. | पद | नाम थर | ईमेल | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| .. | | | | |
| १३ | | | | |

सह-सचिव

## ५ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशीलता सम्बन्धी विवरण

### ५.१ समितिको क्रियाशीलता

| | |
|---|---|
| निर्देशक समिति गठन भएको मिति | |
| समितिको बैठक बस्ने पटक | मासिक / द्वैमासिक /चौमासिक खुलाउने …… |
| समिति गठन भएको मिति देखि हालसम्म बसेको समितिको बैठक संख्या | |

### ५.२ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिको क्रियाशीलता

| वडा नं. | पहिलो बैठक बसेको मिति | समिति गठन भएको मिति देखि हालसम्म बसेको समितिको बैठक संख्या | बैठक बस्ने गरेको समयावधि (मासिक / द्वैमासिक /चौमासिक खुलाउने) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

### ५.३ गाउँ /नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालय

| | |
|---|---|
| सचिवालय क्रियाशील भएको मिति | |
| सचिवालयको जिम्मेवारी तोकिएको पदाधिकारी (फोकल पर्सन) को विवरण | नाम: पद:<br>सम्बन्धित शाखा /इकाई:<br>फोन नं. इमेल: |
| पोषण सहजकर्ताको विवरण | नाम: पद:<br>फोन नं. इमेल: |

## ६ विषयगत शाखामा उपलब्ध जनशक्ति विवरण

| क.सं. | शाखा | शाखामा कार्यरत कर्मचारी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य | | |
| २ | कृषि विकास | | |
| ३ | पशु विकास | | |
| ४ | महिला तथा बालबालिका | | |
| ५ | खानेपानी तथा सरसफाइ | | |
| ६ | शिक्षा | | |
| ७ | योजना शाखा | | |
| ८ | सामाजिक विकास शाखा (छुट्टै भएमा) | | |

## ७ स्थानीय तहले तयार गरेको पोषणसँग सम्बन्धित नीतिगत दस्तावेजहरू

| क्र.सं. | दस्तावेज (नीति, रणनीति, कार्यविधि, निर्देशिका आदि) | स्वीकृत मिति | लागू हुने समयावधि |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

## ८ पोषणमैत्री स्थानीय शासन

| विवरण | | |
|---|---|---|
| पोषणमैत्री शासन अवलम्बन गर्ने निर्णय भएको मिति (भएमा) | | |
| पोषणमैत्री स्थानीय शासन सम्बन्धी सामूहिक प्रतिवद्धतामा गरिएको मिति | | |
| पोषणमैत्री वडा घोषणा भएका वडाहरू (भएमा) | | |
| पोषणमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धी अन्य विवरण उल्लेख गर्ने | | |

## ९ बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको अवस्थाः

### क. बजेट तथा कार्यक्रम सम्बन्धी विवरण

| | |
|---|---|
| कार्यक्रम कार्यान्वयन शुरू भएको आर्थिक वर्ष | |
| कार्यक्रमको लागि प्राप्त अनुदान (गत आ.व. सम्म) | |
| कार्यक्रमको लागि स्थानीय तहबाट विनियोजन भएको बजेट (गत आ.व.सम्मको) | |
| कार्यक्रमको कूल खर्च (गत आ.व.सम्मको) | |
| गत आ.ब.सम्म प्रदेश सरकारबाट प्राप्त अनुदान | |
| गत आ.ब.सम्म प्रदेश सरकारबाट प्राप्त रकम मध्ये खर्च गरेको रकम | |
| गत आ.ब.मा सम्म नेपाल सरकारबाट पोषणसँग सम्बन्धित कामको लागि विशेष अनुदान प्राप्त गरे /नगरेको | |
| नेपाल सरकारबाट विशेष अनुदान प्राप्त गरेको भए प्राप्त भएको रकम | |
| नेपाल सरकारबाट प्राप्त विशेष अनुदान मध्ये खर्च रकम | |
| प्रदेश सरकारबाट विशेष अनुदान प्राप्त गरेको भए प्राप्त भएको रकम | |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान मध्ये खर्च रकम | |

### ख. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका विशेष कार्यक्रमको उपलब्धी

| सि.नं | विवरण | लक्षित कार्यक्रम | | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि विद्यालय खानेपानी योजनाको लागि बजेट प्राप्त गरी योजना कार्यान्वयन गरेका विद्यालयको विवरण | १.विद्यालयको नाम र ठेगाना | | |
| | | १.विद्यालयको नाम र ठेगाना | | |
| २ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि अनुदान सम्बन्धी विवरण | १.समूह वा सहकारीको नाम र ठेगाना | | |
| | | २.समूह वा सहकारीको नाम र ठेगाना | | |
| | | ३.समूह वा सहकारीको नाम र ठेगाना | | |

### घ. पोषणसँग सम्बन्धित क्षमता विकास

| विवरण | उपलब्धी | कैफियत |
|---|---|---|
| बहुक्षेत्रीय पोषण योजना तेस्रो सम्बन्धी सम्बन्धी अभिमुखीकरण प्राप्त मानव संसाधन | | |
| पोषणमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षक /प्रशिक्षण लिएका मानव संसाधनको संख्या | | |
| पोषणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण लिएका मानव संसाधनको संख्या | | |
| वृहत पोषण विशेष कार्यक्रम सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मीको संख्या | | |
| मातृशिशुमैत्री अभियान (Mother and baby friendly hospital initiative) अन्तर्गत अभिमुखीकरण प्राप्त स्वासथ्यकर्मीको संख्या | | |
| आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिम सचेतना अभिबृद्धि सम्बन्धी तालिम लिएका जनशक्तिको संख्या | | |
| अन्य क्षमता विकास कार्यक्रम भए खुलाउने | | |

## १० पोषणको क्षेत्रका काम गर्ने विकास साझेदार र सञ्चालित कार्यक्रम

| क्र.सं. | साझेदार संस्थाको नाम | कार्यक्रम संचालन हुने अवधि | कार्यक्रम संचालन हुने वडाहरू | मुख्य क्रियाकलाप | कार्यक्रमको बजेट (परियोजना अवधिको) | आ.ब. .... को प्रस्तावित बजेट |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## ११ पोषण तथा स्वास्थ्य अवस्था

| क्र.सं. | विवरण | जम्मा | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कडा शीघ्र कुपोषित (SAM) | मध्यम शीघ्र कुपोषित (MAM) | सामान्य | |
| १ | कुपोषण पहिचान गर्न स्क्रिनिङ गरिएका ६-५९ महिनाका बालबालिकाको संख्या | | | | | |
| २ | शीघ्र कुपोषित बालबालिकाको कूल संख्या (स्क्रिनिङ र नियमति चेकजाँचबाट पहिचान भएको कुल संख्या उल्लेख गर्ने) | | | | | |
| ३ | शीघ्र कुपोषित बालबालिका मध्ये निको हुनेको प्रतिशत | | | | | |
| | | जम्मा | बहिरंग उपचार केन्द्र | अन्तरंग उपचार केन्द्र | पोषण पुर्नस्थापना केन्द्र | कैफियत |
| ४ | कडा शीघ्र कुपोषित बालबालिका मध्ये प्रेषण गरिएकाको संख्या | | | | | |
| | | लक्ष्य | उपलब्धी | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | आ.ब. ..... मा वृद्धि अनुगमन गरिएका ०-२३ महिना सम्मका बालबालिका सङ्ख्या | | | | | |
| ६ | ०-२३ महिना सम्मका बालबालिकाको औषत वृद्धि अनुगमन | २४ | | | | |
| सि.न. | विवरण | | | | | अवस्था |
| १ | बालबालिकामा पूर्ण खोप कभरेजको अवस्था (प्रतिशत) (DPT/HepB/Hib3)% | | | | | |
| २ | गत आ.ब.मा स्वासप्रश्वास (निमोनीया) को संक्रमण देखिएका विरामीको संख्या | | | | | |
| ३ | जिवित जन्ममा संस्थागत सुत्केरी हुनेहरूको प्रतिशत | | | | | |

भर्नु नपर्ने

## १२ वडा अनुसार स्वास्थ्य संस्थाको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम (अस्पताल, प्राथमिक, आधारभुत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्य इकाइ, आयुर्वेद केन्द्र, गाउँ घर क्लिनिक, खोप केन्द्र, नर्सिग होम, स्वास्थ क्लिनिक अन्य (खुलाउने) | स्वास्थ्य संस्थाको प्रकार (सरकारी, निजी, सहकारी तथा अन्य | संस्था रहेको स्थान (वडा र बस्ती) | वडा पहुँच क्षेत्र (कुन कुन वडालाई सेवा प्रदान गर्दछ) | घरघुरी पहुँच क्षेत्र | लाभान्वित जनसङ्ख्या | बहिरंग स्वास्थ्य केन्द्र भए नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## १३ शैक्षिक अवस्था

१३.१ साक्षरता प्रतिशत : ..................

१३.२ विद्यालय खुद भर्ना दर

क. आधारभुत तह (कक्षा १ देखि कक्षा ८ सम्म): ...........

ख. माध्यमिक तह (कक्षा ९ देखि कक्षा १२ सम्म): ..................

१३.३ विद्यालय छोड्ने प्रतिशत: ..........................

१३.४ विद्यालय जाने उमेर समूहका बाहिर रहेको बालबालिका सङ्ख्या

१३.५ स्थानीय तह भित्र रहेका विद्यालय तथा शैक्षिक संस्थाहरूको विवरण

क. विद्यालयको विवरण

| क्र.सं. | विद्यालय तथा शैक्षिक संस्थाको नाम | विद्यालय तथा शैक्षिक संस्थाको प्रकार (प्रारम्भिक बालविकास केन्द्र, आधारभूत, मा.वि., क्याम्पस प्रविधिक शिक्षालय) | स्वामित्वको आधार (सरकारी, निजी, सरकारी र अन्य | विद्यालय तथा शैक्षिक संस्था रहेको स्थान | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | छात्रा | छात्र | जम्मा |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

ख. विद्यालय पोषणसँग सम्बन्धित विवरण

| क्र. सं. | विद्यालय तथा शैक्षिक संस्थाको नाम | विद्यालयमा करेसाबारी भए नभएको | खानेपानी सेवा उपलब्धताको श्रोत | | विद्यालयमा सुरक्षित शौचालयको अवस्था (साधरण चर्पी, ढल सँग जोडिएको फ्लस चर्पी, सेफ्टी ट्याङ्क सँग जोडिएको फ्लस चर्पी के छ खुलाउने) | विद्यालयमा छात्राहरुको लागि छुट्टै शौचालय भए नभएको | बालमैत्री हात धुने स्थानको व्यवस्था भए /नभए को | वास (WASH) कर्नर भए /नभएको | किशोरीहरु को लागि आइरन चक्की वितरण हुने गरेको छ छैन | बिद्यालयमा पोषणसँग सम्बन्धित सम्बन्धी अतिरिक्त क्रियाकलाप हरु हुने गरेको छ छैन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रोत (चौपाकल, धारा, कुवा) के हो खुलाउने | उपलब्धता (२४ सै घण्टा वा कति समय हो खुलाउने) | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## १४ खानेपानी तथा सरसफाइको अवस्था

| क्र.सं. | वडा नं. | घरधुरी सङ्ख्या | आधारभुत तहको खानेपानी सुविधा उपलब्ध भएको घरधुरी सङ्ख्या | सुरक्षित रूपले व्यवस्थित खानेपानी सुविधा उपलब्ध भएको घरधुरी सङ्ख्या | शौचालय भएको घरधुरी सङ्ख्या | सार्वजनिक शौचालय भएका स्थानहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## १५ कृषि विकासको अवस्था

| क्र.सं. | सेवा केन्द तथा समूहका नाम | रहेको स्थान | वडा कभरेज | घरघुरी कभरेज | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## १६ पशुपन्छी विकासको अवस्था

| क्र.सं. | सेवा केन्द तथा समूहका नाम | रहेको स्थान | वडा कभरेज | घरधुरी कभरेज | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|
| | | | | | |

## १७ खाद्य सुरक्षाको आधारमा तुलनात्मक रूपमा वढी जोखिम भएको वडा तथा बस्ती (क्रमानुसार)

| क्र.सं. | वडा नं. | बस्तीको नाम |
|---|---|---|
| | | |
| | | |

नोटः सबैभन्दा बढी जोखिम भएको वस्तीलाई १ नं. मा राखि बढी जोखिमको क्रमानुसार लेख्ने ।

## १८ पोषण सुधारको लागि प्राथमिकतामा राख्नुपर्ने बस्तीहरू (निर्देशक समितिबाट निर्णय भए अनुसार)

| क्र.सं. | बस्ती | वडा नं | प्राथमिकताको कारण |
|---|---|---|---|
| | | | |
| | | | |

## १९ पोषणमैत्री स्थानीय शासन घोषणका लागि निर्धारण भएका सूचकहरूमा वडा /गाउँ /नगरपालिकाको अवस्था

| सूचक नं | सूचक | अवस्था |
|---|---|---|
| १ | | |
| २ | | |
| ... | | |
| ४८ | | |
| ४९ | | |

## २० पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकको अवस्था

| स्वास्थ्य संस्थाको नाम | सूचक नं. | सूचक | अवस्था |
|---|---|---|---|
| .... स्वास्थ्य संस्था | १ | | |
| | २ | | |
| | | | |
| | १६ | | |

| | | | |
|---|---|---|---|
| .... स्वास्थ्य संस्था | १ | | |
| | | | |
| | | | |

२१. पोषणसँग सम्बन्धित स्थानीय तहमा उपलब्ध अन्य विवरणः

अनुसूची ६

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित

## पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको एकीकृत वार्षिक प्रतिवेदनको ढाँचा

१. पोषणमैत्री स्थानीय शासन अवलम्बन:

२. पोषणमैत्री स्थानीय शासन कार्यान्वयन भएका वडाहरू:

३. पोषणमैत्री स्थानीय शासनको लागि प्रतिवद्धता व्यक्त गर्ने साझेदार निकायहरूको विवरण

४. पोषणमैत्री शासन सम्बन्धित साझेदार निकाय समेतबाट कार्यान्वयन गरिएका मुख्य मुख्य कार्यक्रमको विवरण

५. सूचकको हासिलको अवस्था:

| सि.नं. | सूचक | लक्ष्य | हासिलको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

६. आगामी कार्ययोजना

७. अन्य